## आज मिती २०७७ साल बैशाख २२ गते सोमवार बसेको

## बढैयाताल गाउँ कार्यपालिकाको सर्वपक्षीय बैठकको निर्णयहरु

आज मिती २०७७ साल बैशाख २२ गते सोमवार का दिन विश्व ब्यापी रुपमा फैलीएको कोरोना भाइरसको संक्रमण छिमेकी जिल्ला बाँकेमा समेत समुदाय स्तरमा फैलीइ सकेको हुँदा यस बढैयाताल गाउँ पालिकामा सो भाइरस बाट हुन सक्ने जोखीम न्युनिकरण गर्नका लागि आबस्यक निर्णय गर्न यस पालिका अध्यक्ष श्री लाल बहादुर श्रेष्ठ ज्यूको अध्यक्षतामा बसेको सर्वपक्षीय बैठकमा देहाय अनुसाको उपस्थितीतीमा देहाय अनुसारको निर्णय गरियो ।

***विशेष उपस्थीती:***

१. माननिय सदस्य प्रदेश नं. ५ श्री कविराम थारु

२. माननिय सदस्य प्रदेश नं. ५ श्री भुवनेश्वर थारु

३. जिल्ला समन्वय समिती प्रमुख  श्री शंकर प्रसाद थारु

***उपस्थीती:***

१. अध्यक्ष श्री लाल बहादुर श्रेष्ठ

२. उपाध्यक्ष श्री दिपा कुमारी गौतम

३. प्र.प्र. अधिकृत श्री अर्जुन सुवेदी

४. वडा नं. १ अध्यक्ष श्री शेर बहादुर थापा

५. वडा नं. २ अध्यक्ष श्री काजीमान सुनार

६. वडा नं. ३ अध्यक्ष श्री दुर्गा पराजुली

७. वडा नं. ४ अध्यक्ष श्री कर्ण बहादुर थापा

८. वडा नं. ५ अध्यक्ष श्री रामसिंह थारु

९. वडा नं. ६ अध्यक्ष श्री राम हरष थारु

बढैयाताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मैनापोखर, बर्दिया
५ नं. प्रदेश, नेपाल

लाल बहादुर थापा
अध्यक्ष
बढैयाताल गाउँपालिका

१०. वडा नं. ७ अध्यक्ष श्री इन्द्र प्रसाद लुईटेल

११. वडा नं. ८ अध्यक्ष श्री सुन्दरमान श्रेष्ठ

१२. वडा नं. ९ अध्यक्ष श्री कान्छु थारु

१३. तेजनाथ पौडेल

१४. लल्लुराम थारु

१५. नेत्र प्रसाद सापकोटा

१६. रुद्र प्रसाद पौडेल

१७. शान्ती कुमारी अधिकारी

१८. मान बहादुर वि.सी

१९. भीम बहादुर सिंह

२०. शिव आचार्य

२१. रविन्द्र बहादुर रावल

२२. श्रीधर न्यौपाने

२३. प्रेम राज त्रिपाठी

२४. टिकाराम कोइराला

२५. गंगा बहादुर खत्री

२६. उद्धव न्यौपाने

२७. टुकराज घिमीरे

२८. गोविन्द प्रसाद थारु

२९. तुलाराम चौधरी

३०. बालकृष्ण लामिछाने

३१. सशस्त्र पहरी निरिक्षक दिलिप खड्का

३२. प्रहरी निरिक्षक हिम बहादुर खत्री

३३. भोदु प्रसाद चौधरी

३४. दिल बहादुर घर्ती

३५. लल्लन थारु

३६. उमान बहादुर हमाल

**निर्णयहरुः**

**निर्णय नं. १.** छिमेकी जिल्ला बाँकेमा कोरोना भाइरसको संक्रमण तेस्रो चरणमा देखिई समुदाय स्तर संम्म फैलिएको हुँदा यो पालिका सो सिमा संग जोडिएको कारण थप जोखीम यस पालिकामा बढ्न सक्ने भएकाले तत्काल निम्न अनुसार गर्ने ।

- यस पालिकाको पूर्व बाँके जिल्लाबाट यस पालिकामा प्रदेश नाकाहरु तत्काल सबै शिल गरी पूर्ण रुपमा आवत जावत बन्द गर्ने । कुनै पनि सवारी साधन, विभिन्न सामाग्री यस पालिका क्षेत्रमा प्रवेशलाइ पुर्णरुपमा नियन्त्रण गर्ने ।
- यस पालिकाको उत्तर बासगडी नगरपालिका पश्चिम गुलरिया नगरपालिका पश्चिम उत्तर बारबर्दिया नगर संग जोडीएका सिमा क्षेत्रवाट समेत अनाबस्यक रुपमा यस पालिकामा प्रवेश निषेध गर्ने ।
- भारतिय सिमा क्षेत्रमा साविककै रुपमा कडाइका साथ आवत जावत बन्द गर्ने ।

**निर्णय नं. २.** यस पालिकाको बाँके सिमा र भारतिय सिमा क्षेत्रवाट मानिसहरु यस पालिकामा प्रवेश गर्न सक्ने भएकाले वाड नं. १,२,३,४,५,७ र ८ को सिमा क्षेत्रमा सुरक्षा चेक जाँच बढाउन थप सुरक्षा जनशक्ति बढाउन जिल्ला प्रशासनलाई अनुरोध गर्ने ।

**निर्णय नं. ३. तत्काल वडा स्तरबाट निम्न कार्यहरु गर्ने ।**

- वडा स्तरमा वडा समिती स्थानिय राजनैतिक दल, समुदायको सहयोगमा बस्ती टोल टोल शिल गर्ने ।
- एक टोलबाट अनाबस्यक रुपमा अर्को टोलमा आवत जावत बन्द गर्ने ।
- विशेष गरी बाँके जिल्ला संग सिमा जोडिएका वाडहरुले वडा स्तरमा समिती बनाएर बाँके जिल्लाबाट यस पालिकामा प्रवेश नाकाहरुमा २४ सै घण्टा निगरानी गर्ने व्यवस्था मिलाउने ।
- यस अघी होम क्वारेन्टाइनमा रहेका हरुको स्थलगत अबलोकन गर्ने र नियमीत संर्पकमा रहन संपर्क गरिरहने ।

बढैयाताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मैनापोखर, बर्दिया
५ नं. प्रदेश, नेपाल

लाल बहादुर थापा
अध्यक्ष
बढैयाताल गाउँपालिका

- वडा स्तरको किसानको तरकारी लगाएतका उत्पादनलाइ निश्चीत समय मिलाएर सामाजिक दुरीको पालना गर्दै स्थानिय तहमै खपतको ब्यवस्थापनमा लागी आबस्यक समन्वय र सहजीकरणको ब्यवस्था मिलाउने ।
- गाउँ टोलमा ठेला साइकलमा स्थानिय बाहेकका ब्यक्तीहरुले सामान बेच्ने गरेको पाइएमा तुरुन्तै सुरक्षा निकायलाई खबर गरी नियन्त्रण गर्न सहयोग पुर्याउने ।
- केही ब्यक्तीहरुले खाद्धय लगायतका सामानको कालो बजारी गरेको जनगुनासो आएकोले वडा स्तरबाट समेत निगरानी गरी प्रहरीलाइ सो को प्रयाप्त विवरण तुरुन्त दिने ।
- केही समय यता बाँकेको संक्रमीत क्षेत्रमा गएर आएका ब्यक्तीहरु समेत यस पालिकामा हुन सक्ने भएकाले त्यस्ता ब्यक्तीहरुलाई पालिकाको स्वास्थ्य शाखाको संर्पकमा आइदिन अनुरोध गर्ने ।
- एक महिना अगाडी भारतबाट आएका नेपालगंज क्याम्पसको क्वारेन्टाइनबाट भागी आएका मध्ये कोई यस पालिकामा भएमा तिनीहरुको खोजविन गरी संपर्कमा ल्याउने ।
- वडा स्तरमा आबस्यकता अनुसार माइकींङ, प्रचार प्रसार गर्ने ।
- कतिपय युवाहरु लागु औषध सेवन गर्ने गरेको गुनासो आएको हुँदा, त्यस्ता कृयाकलापहरुलाई वडा स्तरबाट पुर्णरुपमा नियन्त्रण गर्ने ।
- बढैयातालमा कमलको पात टिप्न विभिन्न स्थान बाट मानिसहरु आउने कार्यलाई हाललाई पुर्ण रुपमा बन्द गर्ने ।

**निर्णय नं. ४.** बन्दा बन्दीको कारण अत्यावश्यक सामान अभाव हुन नदिन उधोग बाणिज्य संघले आबस्यक पहल गर्ने । कुनै पनि सामाग्रीको मुल्य बृद्धी हुन नदिन समेत थप सचेतना अपनाउने । हाल बजार हप्ताको आइतवार, मंगलबार, विहिवार, विहान ७ बजे देखी ११ बजे सम्म मात्र खोल्ने । यसरी पसल खोल्ने समयमा डेढ मिटरको दुरीमा गोलो घेरा बनाई ग्राहक संग सामाजीक दुरी कायम हुने गरि, सामान खरिद बिक्री गर्ने । अनुगमनको कममा सो नगरेको पाइएमा त्यस्ता पसलहरु बन्दा बन्दीको अबधी भरी बन्द गरिने छ ।

- अत्यावश्यक सामाग्री अभाव हुन नदिन सबै आबस्यक सहजिकरण गर्ने ।
- पालिकाबाट खाद्धय सामाग्री लगायत अन्य अन्न निकासी गर्नु पूर्व गाउँ पालिका संग समन्वय गर्ने ।

**निर्णय नं. ५.** बर्तमान परिस्थीतीको संबन्धमा ब्यापक रुपमा जनस्तर संग सुचना प्रवाहका लागि पालिकाबाट सबै गाउँ बस्ती सम्म माइकींङ, सुचना प्रवाह गर्ने ब्यवस्था मिलाउने ।

अध्यक्ष
बढैयाताल गाउँपालिका

**निर्णय नं. ६.** यस पालिका अन्तरगत विधालयहरुले बार्षीक परिक्षको नतिजा तयार गरि प्रकाशनका लागि गाउँ पालिका संग समन्वय गर्ने । हाललाई विधार्थी भर्ना अभियान सुरु नगर्न गाउँ पालिकाको शिक्षा शाखा मार्फत सबै विधालयलाई जानकारि गराउने ।

**निर्णय नं. ७.** स्थानीय कृषकहरुलाई आबस्यक मल विउ समयमा ब्वस्थापन गर्न सम्बन्धीत निकायमा गाउँ पालिकाले आबस्यक सहजिकरण गर्ने ।

**निर्णय नं. ८.** कृषी बाली खरिद बिक्री गर्दा डेढ मिटरको दुरीमा गोलो घेरा बनाई ग्राहक संग सामाजीक दुरी कायम हुने गरि, सामान खरिद बिक्री गर्ने ।

**निर्णय नं. ९.** यस पालिकाका कोही ब्यक्तीहरु विरामी भइ उपचार गर्न जानुपरेमा नेपालगंज बाहेकका अस्पतालमा जानका लागि सहजिकरण गर्ने ।

**निर्णय नं. १०.** यस गाउँपालिकका कतिपय मेडीकल, औषधी पसलहरुमा सामाजीक दुरी कायम नगरी स्वास्थ्य सेवा प्रबाह गरेको जन गुनासो आइरहेको हुँदा, भिडभाड नहुने गरि सामाजीक दुरीको पुर्ण पालना गरि सेवा प्रबाह गर्न अनुरोध गर्ने । अनुगमनको क्रममा सामाजीक दुरीको पालनका नगरेको पाईएमा, नियम अनुसार कारबाही गर्ने ।

**निर्णय नं. ११.** यस पालिका भित्रका विभिन्न पसलहरुमा अनाबस्यक मुल्य बृद्धी भएको जनगुनासो आइरहेको हुँदा, सबै जन समुदायहरुलाई त्यस्ता कालाबजारी गर्नेहरुको तत्काल सुचना गाउँ पालिकालाई र स्थानीय प्रहरीलाई दिनुहुन सबैमा अनुरोध गर्ने । र कालोबजारी गरेको पाइएमा तत्काल कानुन अनुसार कारबाहीका लागी सम्बन्धीत निकायमा लेखी पठाउने ।

**निर्णय नं. १२.** भातीय सिमाबाट विभिन्न सामाग्रीहरु चोरी निकासी भै, यस पालिका क्षेत्र भित्र प्रवेश गर्ने गरेको भन्ने जनगुनासो आइरहेको हुँदा, सो लाई नियन्त्रण गर्न सम्पुर्ण पालिका बासीलाई अनुरोध गर्ने । चोरीनिकासी गर्ने ब्यक्ती तथा समुहको निगरानी गरि यर्थात सुचना प्रहरीलाई दिन सबैमा अनुरोध गर्ने ।

**निर्णय नं. १३.** लकडाउनको अबधी भर, खाद्द्यान्न, निमार्ण सामाग्री, उपभोग्य सामाग्री, कुखुरा, अण्डा, दाना, कृषीमल, पालीका भित्र बेलुका ७ बजे पछी मात्र ढुवानी गर्ने ।

**निर्णय नं. १४.** भारत तथा तेस्रो मुलुक र संक्रमीत जिल्ला बाट यस पालीकामा प्रवेश गर्नेहरुलाई अनिवार्य रुपमा क्वारेन्टीनमा राख्ने ब्यवस्था मिलाउने ।